निर्णयहरुः-

१. मकवानपुर जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अध्यावधिक गर्ने सम्बन्धमा विभिन्न सरोकारवाला निकायका पदाधिकारीहरुबाट प्राप्त सुझावहरु समेटेर अन्तिम रुप दिने र कार्यान्वयनमा लैजाने भनी मिति २०७६-०२-०८ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय भएबमोजिम मिति २०७६-०२-२६, २७ र २९ गते हेटौंडामा आयोजना गरिएको **जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अध्यावधिक कार्यशालामा सम्बद्ध पक्षहरुबाट** प्राप्त सुझावहरु समेटी अध्यावधिक गरिएको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०७६** लाई स्वीकृत गरी प्रकाशन गर्ने ।

२. मिति २०७६-०२-२६, २७ र २९ गते हेटौंडामा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अध्यावधिक कार्यशाला आयोजना गर्न तथा अध्यावधिक कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सहयोगी संस्थाहरु प्लान इन्टरनेशनल नेपाल, राडो नेपाल, IVDS, CCDN र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुर तथा सरोकारवाला निकायहरुलाई धन्यवाद दिइयो ।

३. ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, राजयोग भवन, ब्रह्माकुमारी मार्ग, हेटौंडाको मिति २०७६-०३-०१ को पत्रबाट सो सेवा केन्द्रले दुर्गम क्षेत्रहरुमा नैतिक शिक्षा, चरित्र निर्माण सम्बन्धी विभिन्न गोष्ठी, कार्यक्रम तथा जनचेतना जागरण अभियान सञ्चालन गर्दै आइरहेको र यस्ता विविध प्रकृतिका कार्यक्रम सञ्चालन गर्न टेण्टको आवश्यकता परेकोले बाल सुधार गृहमा रहेका टेण्टहरुमध्ये दुईवटा उपलब्ध गराई सेवाकेन्द्रको सेवा अभियानमा थप सहयोग पुर्याइदिनुहुन भनी लेखी आएको हुँदा उक्त सेवा केन्द्रलाई माग बमोजिमको टेण्ट उपलब्ध गराउने ।